# लुम्बिनी प्रदेश सभाको गतिविधि सम्बन्धी टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण कार्यविधि, २०८१

**प्रस्तावनाः** प्रदेश सभा, प्रदेश सभाका विषयगत समिति, प्रदेश सभा सचिवालयका गतिविधि, प्रदेश सभाबाट पारित विधेयक र प्रस्तावको सूचना जनतामाझ पुऱ्याउन लुम्बिनी प्रदेश सभाका विषयगत समिति र सचिवालयका गतिविधि समावेश गरी श्रव्यदृश्य कार्यक्रम उत्पादन गर्न तथा त्यस्तो कार्यक्रमलाई टेलिभिजन र रेडियोबाट प्रसारण गर्न आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (२) को अधिकार प्रयोग गरी प्रदेश सभा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण कार्यविधि,२०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले कार्यक्रम उत्पादन इकाईबाट उत्पादित श्रव्यदृश्य कार्यक्रम सम्झनुपर्छ ।

(ख) **"कार्यक्रम उत्पादन इकाई"** भन्नाले दफा ३ बमोजिम गठित इकाई सम्झनुपर्छ ।

(ग) **"टेलिभिजन"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई लुम्बिनी प्रदेशभित्र सञ्चालनमा रहेका सरकारी, सामुदायिक, संस्थागत तथा नीजि स्वामित्वमा संचालित टेलिभिजन सम्झनुपर्छ ।

(घ) **"निर्देशक समिति"** भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ङ) **"प्रशारक संस्था"** भन्नाले टेलिभिजन र रेडियो मार्फत कार्यक्रम प्रसारण गर्ने संस्थालाई सम्झनु पर्छ ।

(च) **"रेडियो"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भै लुम्बिनी प्रदेश भित्र सञ्चालनमा रहेका सरकारी, सामुदायिक, संस्थागत वा नीजि स्वामित्वमा संचालित रेडियोहरु सम्झनुपर्छ ।

(छ) **"सचिव"** भन्नाले प्रदेश सभा सचिवलाई सम्झनुपर्छ ।

(झ) **"सचिवालय"** भन्नाले लुम्बिनी प्रदेश सभा सचिवालयलाई सम्झनुपर्छ ।

**(ञ) "सूचना प्रविधि शाखा"** भन्नाले सचिवालयको साङ्गठनिक संरचनामा रहेको सूचना प्रविधि शाखा वा प्राविधिक इकाईलाई सम्झनुपर्छ।

३. **कार्यक्रम उत्पादन एकाईः** (१) टेलिभिजन तथा रेडियोमा प्रसारण गर्ने गरि एकीकृत श्रव्यदृश्य कार्यक्रम उत्पादन गर्दा देहाय बमोजिमको जनशक्ति रहने गरी सचिवालयको सूचना प्रविधि शाखा अन्तर्गत कार्यक्रम उत्पादन इकाई रहनेछः

| | |
|---|---|
| (क) स्कृप्ट राईटर (Script writer) | - एक जना |
| (ख) सम्पादन | - दुई जना |
| (ग) प्रस्तोता (स्ट्याण्डिङ प्रस्तोता-१ र अन्तरवार्ताकार-१) | - दुई जना |
| (घ) भ्वाइस ओभर | - दुई जना |



लुम्बिनी प्रदेश सभा सचिवालय

(ङ) छायाँकन - तीन जना

(च) सहयोगी - एक जना

(२) उपदफा (१) बमोजिमको कार्यक्रम उत्पादन एकाईका प्रत्येक जनशक्तिलाई पाक्षिक रुपमा आधा घण्टाको एउटा कार्यक्रम उत्पादन गरे वापत सचिवालयले देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछः-

| क्र.सं. | जनशक्ति विवरण | प्रति कार्यक्रम रकम | जम्मा |
|---|---|---|---|
| १ | स्कृप्ट राईटर | ५०००x१ | ५,०००।- |
| २ | सम्पादन | २०००x२ | ४,०००।- |
| ३ | भ्वाइस ओभर | १५००x२ | ३,०००।- |
| ४ | प्रस्तोता | १०००x२ | २,०००।- |
| ५ | छायाँकन | १०००x३ | ३,०००।- |
| ६ | सहयोगी | ५०० x१ | ५००।- |
| | | **प्रति कार्यक्रम उत्पादन खर्च जम्मा** | **१७,५००।-** |

(३) सचिवालयले उपदफा (१) बमोजिमको जनशक्तिसँग कार्यक्रम उत्पादन गर्न उपदफा (२) बमोजिमको सुविधा प्रदान गर्ने गरी प्रत्येक आर्थिक वर्षका लागि करार सम्झौता गर्नेछ ।

तर उपदफा (१) को खण्ड (क) बाहेकको जनशक्तिबाट हुने काम यस सचिवालयबाट उपलब्ध कर्मचारीबाट हुने भएमा सचिवालयको कर्मचारीलाई कार्यक्रम उत्पादनको काममा लगाउन सकिनेछ।

(४) सचिवालयले उपदफा (१) बमोजिमको जनशक्तिलाई करारमा लिदा पन्ध्र दिनको सूचना आह्वान गरी आएका मध्येबाट दफा ७ बमोजिमको योग्यता पुगेका योग्य व्यक्तिलाई सम्झौता गरि उक्त जिम्मेवारी प्रदान गर्नेछ ।

(५) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सचिवालयका कर्मचारीले कार्यालय समय भन्दा अतिरिक्त समयमा काम गरी कार्यक्रम उत्पादन गरेमा त्यस्ता कर्मचारीलाई उपदफा (२) बमोजिमको सुविधा दिन सकिनेछ र त्यस्तो अतिरिक्त समयमा काम गरेको व्यहोरा सचिवबाट प्रमाणीत गर्नुपर्नेछ ।

(६) उपदफा (१) को खण्ड (ग) बमोजिमको योग्य जनशक्ति उपलब्ध नभएमा उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको जनशक्तिले खण्ड (ग) बमोजिमको कार्य गर्न सक्नेछ र त्यस्तो कार्य गरेमा निजलाई प्रस्तोता वापतको सुविधा समेत दिन सकिनेछ।

(७) कार्यक्रम उत्पादन र प्रसारण सम्बन्धी आवश्यक कार्य सूचना प्रविधि शाखा मार्फत हुनेछ।

४. **<u>कार्यक्रम उत्पादन सम्बन्धीः</u>** (१) प्रदेश सभा, प्रदेश सभाका विषयगत समिति, प्रदेश सभा सचिवालयका गतिविधि, प्रदेश सभाबाट पारित विधेयक र प्रस्तावको सूचना जनतामाझ पुऱ्याउन दफा ३ बमोजिमको कार्यक्रम उत्पादन इकाईले पाक्षिक रुपमा एकीकृत श्रव्यदृश्य कार्यक्रम उत्पादन गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको एकीकृत श्रव्यदृश्य कार्यक्रम उत्पादन गर्दा रेडियोमा पनि प्रसारण गर्न मिल्ने गरी मुलरुपमा श्रव्यदृश्य सामाग्री उत्पादन गर्नेछ ।

(३) एकीकृत श्रव्यदृश्य सामाग्री उत्पादन गर्न आवश्यक उपकरण सचिवालयले व्यवस्था गर्नेछ ।

५. **<u>पालना गर्नुपर्ने कार्यगत शर्तः</u>** कार्यक्रम उत्पादन इकाईले कार्यक्रम उत्पादन गर्दा देहायका कार्यगत शर्तहरु पालना गर्नु पर्नेछः

(क) रेडियो र टेलिभिजन कार्यक्रम बनाउँदा समाजमा नकारात्मक प्रभाव पार्ने खालका विषयवस्तु समावेश गर्न नहुने,

(ख) कार्यक्रमको पहिचान झल्किने उपयुक्त Signature Tune, Intro को व्यवस्था गर्नुपर्ने,

(ग) निर्देशक समितिले स्वीकृति दिएका भन्दा फरक अवधारणामा कार्यक्रम उत्पादन गर्नुपर्ने भएको खण्डमा पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम उत्पादन गर्नुपर्ने,

(घ) कार्यक्रम उत्पादनको सिलसिलामा प्रयोग हुन सक्ने ड्रोन, रेडियो (वाकीटकी) आदि जस्ता उपकरणहरू सम्बन्धित निकायबाट प्रयोग गर्ने अनुमति लिनुपर्ने,

(ङ) कार्यक्रम उत्पादन इकाईले कार्यक्रमको ढाँचा बनाइ निर्देशक समिति समक्ष पेश गर्ने,

(च) कार्यक्रममा आवश्यकता अनुसारका चित्र, चलदृष्य (एनिमेशन), भिजुअल क्लीप्स, ब्रिजिङ्ग म्युजिक, पाश्र्व संगित आदि समावेश गर्नु पर्नेछ, जुन उत्पादकले स्वयम उत्पादन तथा खरिद गर्न सक्नेछ। साथै रोयल्टी फ्रि सामाग्रीहरु पनि प्रयोग गर्न सक्नेछ । सबै प्रकारका संकलित सामाग्रीका प्रतिलिपी अधिकारको पालना गर्ने दायित्व कार्यक्रम उत्पादन इकाईको हुने,

(छ) कार्यक्रम उत्पादन गर्दा कार्यक्रमको लक्ष्य पूरा गर्न मद्दत गर्ने गरी सरल भाषामा आम जनसमुदायमा कार्यक्रमप्रति अभिरुचि बढ्ने गरी रोचक शैलीमा तयार गर्नुपर्ने,

(ज) टेलिभिजन कार्यक्रम प्रस्तोताले मर्यादित पोशाक प्रयोग गर्नुपर्ने,

(झ) नैतिक मूल्य-मान्यताहरुको पालना गर्दै कार्यक्रममा प्रयोग गरिने जनधारणा, अन्तरवार्ता, छलफल लगायतका सामाग्रीहरु संकलनमा सम्बन्धित पक्षसँग सद्भावपूर्ण व्यवहार गर्नुपर्ने,

(ञ) संकलित सामाग्रीहरु सत्य, तथ्य र वस्तुनिष्ठतामा आधारित हुनुपर्ने,

(ट) कार्यक्रममा लक्षित समुहले प्रयोग गर्ने भाषा, संस्कृति, रहनसहन, भेषभूषा आदिलाई ध्यान दिई कार्यक्रम उत्पादन गर्नुपर्ने,

लुम्बिनी प्रदेश सभा सचिवालय

(ठ) आवश्यकता अनुसार कुनै कार्यक्रम वा कार्यक्रमको कुनै भाग लुम्बिनी प्रदेशको स्थानीय भाषामा समेत उत्पादन गर्न सक्ने,

(ड) कार्यक्रम उत्पादन गर्दा समुदाय, जाति, धर्म, भाषा र राष्ट्रियतामा आँच पुग्ने खालका विषयवस्तु समावेश गर्न नहुने,

(ढ) नेपालको संविधान, प्रचलित ऐन कानून, प्रदेश योजना, नीति तथा कार्यक्रम, प्रदेश सभाका गतिविधी साथै अन्तर्राष्ट्रिय महासन्धी, सन्धी प्रतिकुल हुन नहुने,

(ण) टेलिभिजन कार्यक्रम उत्पादन गर्दा देहायका प्राविधिक शर्तको पालना गर्नुपर्नेछः

१. Resolution कम्तीमा Full HD (1920*1080) हुनुपर्ने,

२. Frame Rateकम्तीमा 25i FPS हुनुपर्ने,

३. आवाजको गुणस्तर कम्तीमा 48000 Hz, Min 128 Kbps, Stereo System भएको हुनुपर्ने,

४. दृश्य गुणस्तर MP4 Format मा वा सो भन्दा उच्च गुणस्तरको श्रव्यदृश्य क्षमताको हुनुपर्ने,

(त) खण्ड (ण) बमोजिमको टेलिभिजन कार्यक्रमलाई रेडियो कार्यक्रममा रुपान्तरण गर्दा कम्तीमा Audio-128 Kbps, 44100 Hz, Stereo System र प्रष्टसँग सुन्न सकिने श्रव्य क्षमताको हुनुपर्ने,

(थ) कार्यक्रम उत्पादन इकाईले यस कार्यविधि बमोजिम छनोट भई सचिवालयले सम्झौता गरेका प्रशारक संस्थाहरुमा पुऱ्याउनु पर्ने,

६. <u>डाउनलोडको पहुँच दिनुपर्ने:</u> कार्यक्रम उत्पादन इकाईले उत्पादन गरेको कार्यक्रम सचिवालयले Online मा व्यवस्था गरी हरेक प्रशारक संस्थाहरुलाई कार्यक्रम डाउनलोड गर्न पहुँच दिनुपर्नेछ।

७. <u>जनशक्तिको योग्यता तथा अनुभवः</u> दफा ३ को उपदफा (१) बमोजिमको जनशक्तिको योग्यता र अनुभव देहाय बमोजिमको हुनेछः-

| क्र.सं. | जनशक्ति | शैक्षिक योग्यता र अनुभव |
|---|---|---|
| १ | स्कृप्ट राइटर | स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र टेलिभिजन प्रसारण संस्था, रेडियो प्रसारण संस्था वा प्रोडक्सन हाउसबाट स्कृप्ट राइटिङ्ग सम्बन्धी कम्तीमा पाँच वर्षको अनुभव प्राप्त। |
| २ | सम्पादक | दश जोड दुई वा सो सरह उत्तीर्ण गरी टेलिभिजन प्रसारण संस्था, रेडियो प्रसारण संस्था वा प्रोडक्सन हाउसबाट स्कृप्ट राइटिङ्ग सम्बन्धी कम्तीमा चार वर्षको अनुभव प्राप्त वा सचिवालयमा श्रव्यदृश्य तथा प्रत्यक्ष प्रसारणमा काम गरिरहेका कर्मचारी। |

लुम्बिनी प्रदेश सभा सचिवालय

| | | |
|---|---|---|
| ३ | प्रस्तोता | दश जोड दुई वा सो सरह उत्तीर्ण गरी टेलिभिजन प्रसारण संस्था, रेडियो प्रसारण संस्था वा प्रोडक्सन हाउसबाट कार्यक्रम प्रस्तोता सम्बन्धी कम्तीमा दुई वर्षको अनुभव प्राप्त वा सचिवालयमा श्रव्यदृश्य तथा प्रत्यक्ष प्रसारणमा काम गरिरहेका कर्मचारी। |
| ४ | भ्वाइस ओभर | दश जोड दुई वा सो सरह उत्तीर्ण गरी टेलिभिजन प्रसारण संस्था, रेडियो प्रसारण संस्था वा प्रोडक्सन हाउसबाट कार्यक्रम प्रस्तोता सम्बन्धी कम्तीमा दुई वर्षको अनुभव प्राप्त वा सचिवालयमा श्रव्यदृश्य तथा प्रत्यक्ष प्रसारणमा काम गरिरहेका कर्मचारी। |
| ५ | छायाँङ्कन(क्यामरा पर्सन) | दश जोड दुई वा सो सरह उर्तीण गरी सम्बन्धित विषयमा कम्तीमा तिन महिनाको तालिम हाँसिल गरी टेलिभिजन प्रसारण संस्था वा प्रोडक्सन हाउसबाट क्यामरा सञ्चालन सम्बन्धी कम्तीमा दुई वर्षको अनुभव प्राप्त वा सचिवालयमा भिडियो क्यामरा चलाउने कर्मचारी। |

८. **<u>निर्देशक समितिको गठनः</u>** (१)कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धमा आवश्यक निर्देशन तथा नीतिगत निर्णय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

(क) सचिव - संयोजक

(ख) प्रवक्ता, सचिवालय -सदस्य

(ग) प्रतिनिधि, सञ्चार विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) सूचना अधिकारी, सचिवालय -सदस्य

(ङ) योजना शाखा हेर्ने अधिकृत, सचिवालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले सम्बन्धित विषयका विज्ञ तथा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

९. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम उत्पादन गर्दा कार्यक्रमको ढाँचा र कार्यक्रममा रहने विषयवस्तुको निर्धारण गर्ने,

(ख) सूचना प्रविधि शाखाले पेश गरेको कार्यक्रमलाई स्वीकृत गर्ने,

(ग) कार्यक्रम उत्पादन र सञ्चार माध्यमबाट हुने सोको प्रसारण सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(घ) कार्यक्रम उत्पादन तथा प्रसारणको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ङ) सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले समय समयमा दिएका निर्देशनको पालना गर्ने,

लुम्बिनी प्रदेश सभा सचिवालय

(च) कार्यक्रम उत्पादन इकाईलाई कार्यक्रम उत्पादन सम्बन्धमा आवश्यक निर्देशन दिने ।

१०. **<u>कार्यक्रम प्रसारणः</u>** (१) प्रदेश सभा, प्रदेश सभाका विषयगत समिति, प्रदेश सभा सचिवालयका गतिविधि, प्रदेश सभाबाट पारित विधेयक र प्रस्तावको सूचना लुम्बिनी प्रदेश भित्रका जनता समक्ष पुऱ्याउन देहाय बमोजिम सञ्चार माध्यमको प्रयोग गरी कार्यक्रम प्रसारण गरिनेछः-

(क) बढीमा चार वटा टेलिभिजनबाट प्रसारण, (लुम्बिनी प्रदेशको ८२°५०' पूर्वी देशान्तर पूर्व, ८२°५०' पुर्वी देशान्तर देखि ८२°००' पूर्वी देशान्तर बिचको र ८२°००' पूर्वी देशान्तर देखि पश्चिम भेकबाट प्रसारण हुने एक-एक(केवल वा भू-उपग्रह माध्यम) वटा टेलिभिजन च्यानल तर एउटा टेलिभिजन जुनसुकै क्षेत्रबाट प्रसारण हुने भए पनि भू-उपग्रह माध्यम बाट प्रसारण गर्ने टेलिभिजन हुनु पर्नेछ ।

(ख) लुम्बिनी प्रदेशभित्र रहेका प्रत्येक जिल्लाबाट एक/एक वटा रेडियोबाट प्रसारण ।

(२) उपदफा (१) बमोजिमका प्रशारक संस्थासँग यस सचिवालयले प्रचलित कानून तथा यस कार्यविधिको अधिनमा रहि कार्यक्रम प्रसारणका लागि सम्झौता गर्नेछ ।

११. **<u>प्रसारणका कार्यक्षेत्रगत शर्तः</u> कार्यक्रम प्रसारण गर्ने प्रशारक संस्थाले देहायका कार्यगत शर्तहरु पालना गर्नुपर्नेछः**

(क) कम्तीमा लुम्बिनी प्रदेशभित्र प्रसारण पहुँच भएको टेलिभिजन हुनुपर्ने, तर जिल्लागत रुपमा छनोट हुने रेडियोको कम्तीमा सोहि जिल्लाभरमा प्रसारण पहुँच हुनुपर्ने ।

(ख) प्रसारणको लागि उपलब्ध गराइएको कार्यक्रममा संशोधन, हेरफेर र परिमार्जन गर्न पाइने छैन,

(ग) कार्यक्रम समय अवधिभर अन्य कुनै सूचना वा विज्ञापन आदि प्रसारण गर्न पाइने छैन,

(घ) प्रत्येक दिन कम्तिमा दुई पटक कार्यक्रमको प्रोमो प्रसारण गर्नुपर्ने र उक्त प्रोमोको समय कम्तिमा २० सेकेन्डको हुनुपर्ने,

(ङ) सम्झौता बमोजिमको प्रसारण समयमा अनिवार्य कार्यक्रम प्रसारण गर्नुपर्ने,

(च) प्रशारक संस्थाले कार्यक्रम प्रसारण हुने दिन वाहेकका दिनहरुमा प्रसारित कार्यक्रमलाई पुनःप्रसारण गर्न सक्ने,

तर पुनःप्रसारण वापत थप कुनै शुल्क उपलव्ध गराईने छैन,

(छ) प्रसारण गरेको कार्यक्रमको प्रति प्रशारक संस्थामा पनि सुरक्षित राख्नु पर्नेछ।

१२. <u>लागत अनुमान तयार गर्नेः</u> सचिवालयको खरिद इकाईले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र नियम १३ बमोजिम कार्यक्रम प्रसारणको लागि कम्तिमा ३/३ ओटा टेलिभिजन र रेडियो मिडिया प्रशारक संस्थाबाट दररेट माग गरी लागत अनुमान तयार गर्नेछ ।

लुम्बिनी प्रदेश सभा सचिवालय

१३. **लागत अनुमान स्वीकृत गर्ने:** कार्यक्रम प्रसारणको लागत अनुमान सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ को व्यवस्था बमोजिम स्वीकृत गरिने छ ।

१४. **प्रस्ताव आह्वान गर्ने:** (१) सचिवालयले पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशित गरी कार्यक्रम प्रसारण गर्नका लागि प्रशारक संस्थासँग आर्थिक र प्राविधिक प्रस्तावको आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आर्थिक र प्राविधिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा सिलबन्दी गरी एउटै सिलबन्दी खामभित्र राखेर तोकिएको अवधि भित्र सचिवालयमा पेश गर्नुपर्नेछ ।

(३) कार्यक्रम प्रशारक संस्थामध्ये टेलिभिजन प्रशारक संस्थाले अनुसूची-१(क) र अनुसूची-१(ख), रेडियो कार्यक्रम प्रशारक संस्थाले अनुसूची-२(क) र अनुसूची-२(ख) बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम पेश भएका सिलवन्दी प्रस्ताव खोली सो प्रस्तावभित्र रहेको प्राविधिक प्रस्तावमात्र म्याद समाप्त भएको दिनको कार्यालय समय समाप्त भए लगतै खोलिने छ ।

तर म्याद समाप्त हुने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिनेछ ।

(५) उपदफा (४) बमोजिम खोलिएका प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन दश दिनभित्र गरिसक्नु पर्नेछ ।

(६) प्राविधिक प्रस्तावमा छनोट भएका प्रस्तावदाताको विवरण सचिवालयको वेबसाईटमा प्रकाशित गरी आर्थिक प्रस्ताव खोल्ने समयको सूचना दिई सूचना बमोजिमको समयमा आर्थिक प्रस्ताव खोली मुल्याङ्कन गरिनेछ ।

(७) दफा १५ बमोजिमका कागजात सहित आवेदन दिएका कार्यक्रम प्रसारण गर्ने संस्थाको छनौट दफा १६ र १७ बमोजिमका आधारमा गरिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी स्वामित्वमा रहेका सार्वजनिक निकायसँग कार्यक्रम प्रसारण सम्बन्धी सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (घ१) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (५क) को व्यवस्था बमोजिम सोझै खरिद गर्न सकिनेछ ।

१५. **प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजातहरु:** (१) कार्यक्रम प्रशारक संस्थाले प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(क) संस्थाको विधान वा नियमावली र प्रबन्धपत्र,

(ख) संस्था र कम्पनी दर्ता प्रमाणपत्र,

(ग) नविकरण गरेको प्रमाणपत्र,

(घ) अन्तिम आ.व.को कर चुक्ता प्रमाणपत्र,

(ङ) अन्तिम आ.व.मा रोयल्टी वुझाएको प्रमाणपत्र,

(च) पानमा दर्ता भएको प्रमाण पत्र/मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र

तर वार्षिक रु. पचास हजार भन्दा बढी प्रस्ताव गर्ने संस्था मुल्य अभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता भएको,

(छ) अद्यावधिक प्रसारण अनुमतिपत्र।

(२) उपदफा (१) बमोजिमका कागजातहरू संलग्न नगरिएका प्रस्तावहरूलाई छनौट प्रकृयामा समावेश गराइने छैन ।

१६. **<u>प्राविधिक प्रस्ताव छनौटको आधारः</u>** प्राविधिक प्रस्ताव छनौटका आधार देहाय बमोजिम हुनेछः-

(क) टेलिभिजन र रेडियो कार्यक्रम उत्पादक र प्रशारक संस्थाको प्राविधिक क्षमता,

(ख) संस्थाको भौगोलिक अवस्थिति,

(ग) कार्यक्रम उत्पादन तथा प्रसारण गर्न प्राप्त गरेको अनुमति पत्र,

(घ) कार्यतालिका बमोजिम नियमित रुपमा कार्यक्रम सञ्चालन गरेको,

(ङ) इन्टरनेटका माध्यमबाट अनलाइन कार्यक्रम प्रसारणको ब्यवस्था भएको,

(च) रेडियोको हकमा दफा ५ को खण्ड (त) बमोजिमको शर्तमा रही कम्तिमा ५०० वाट क्षमता भएको,

तर पहिलो पटक कुनै जिल्लाबाट न्यूनतम ५०० वाट क्षमताको रेडियोको कुनै प्रस्ताव दर्ता हुन नआएमा दोश्रो पटक सात दिनको सूचना निकाली न्यूनतम १०० वाट क्षमताको रेडियोको प्रस्ताव छनोट गर्न सकिने छ ।

(छ) टेलिभिजनको हकमा दफा ५ को खण्ड (ण) बमोजिमको शर्तमा पुराहुनु पर्ने।

१७. **<u>आर्थिक प्रस्तावको छनौटको आधारः</u>** टेलिभिजन र रेडियो मार्फत कार्यक्रम प्रसारण गर्न प्रस्ताव गरेको न्यूनतम दररेटलाई छनोट गरिने छ ।

१८. **<u>प्रस्तावहरुको मूल्याङ्कन विधिः</u>** (१) प्रस्तावदाताले पेश गरेको आर्थिक र प्राविधिक प्रस्ताव मध्ये सर्वप्रथम प्राविधिक प्रस्तावको सिलबन्दी खाम मात्र खोली मूल्याङ्कन गरिने छ । प्राविधिक प्रस्तावमा अयोग्य भएका प्रस्तावदाताको आर्थिक प्रस्ताव खोलिने छैन ।

(२) प्राविधिक प्रस्तावमा योग्य भएका प्रस्तावको मूल्याङ्कन पछि सबै प्रस्तावदाताहरुलाई सचिवालयको वेबसाईटको माध्यमबाट जानकारी गराईने छ ।

(३) प्राविधिक प्रस्तावको मूल्याङ्कन सकिए पछि योग्य भएका प्रस्तावदाताहरुलाई आर्थिक प्रस्ताव खोल्ने समयको सूचना सचिवालयको वेबसाईटमा प्रकाशित गरिनेछ।

(४) प्राविधिक प्रस्तावको मूल्याङ्कन सकिएको तीन दिनभित्र प्रस्तावदातालाई जानकारी दिई आर्थिक प्रस्ताव खोलिने छ ।

(५)अन्तिम छनौट भएको प्रस्तावदाताको विवरण सचिवालयको वेबसाइटमा प्रकाशन गरिनेछ ।

१९. **<u>सम्झौता गर्नुपर्ने:</u>** कार्यक्रम प्रसारण गर्ने गरी अन्तिम छनौट भएका प्रस्तावदाताको विवरण सचिवालयको वेबसाइटमा प्रकाशन भएको सात दिनभित्र सचिवालयमा उपस्थित भई टेलिभिजन र रेडियो प्रशारक संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा र कार्यक्रम उत्पादन गर्ने जनशक्तिसँग गरिने सम्झौता सचिवालयले निर्धारण गरेको ढाँचा बमोजिम गर्नु पर्नेछ ।

२०. **<u>रेडियो र टेलिभिजन मिडियाको प्रसारण तथा प्रकाशन वापतको रकम भुक्तानी विधिः</u>** (१) रेडियो र टेलिभिजन प्रसारण तथा प्रशारक संस्थालाई सम्झौता बमोजिम रकम भुक्तानी दिइनेछ ।

(२) रकम भुक्तानी गर्दा अर्धवार्षिक रुपमा र बाँकी रहेको अन्तिम भुक्तानी असार महिनाको पाँच गतेभित्र गरिने छ ।

(३) भुक्तानी माग गर्दा सम्झौता बमोजिम कार्यक्रम प्रसारण गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

(४) कार्यक्रम प्रशारक संस्थाले भुक्तानी माग गर्दा प्रसारण प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) वार्षिक रुपमा रु. पचास हजार भन्दा बढी रकम भुक्तानी पाउने संस्थाले अनिवार्य रुपमा मुल्य अभिवृद्धि कर विजक पेश गर्नुपर्ने छ । एक पटकमा बीस हजार भन्दा बढी रकम भुक्तानी पाउने संस्थाले अनिवार्य रुपमा मुल्य अभिवृदि कर विजक पेश गर्नुपर्ने छ।

(६) रकम भुक्तानी गर्दा प्रचलित कानून अनुसार कटाउनु पर्ने आयकर र नियमानुसार कट्टी गर्नुपर्ने अन्य करहरु अग्रीम कटाई भुक्तानी गरिने छ ।

२१. **<u>कारवाही गर्न सकिने:</u>** प्रशारक संस्थाले गलत विवरण पेश गरी भुक्तानी लिएमा, सम्झौतामा उल्लेखित शर्त पूरा नगरेमा र यस कार्यविधि तथा सम्झौता बमोजिम सचिवालयले दिएको निर्देशन पालन नगरेमा त्यस्तो संस्थासँग सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

२२. **<u>प्रचलित खरिद कानून लागु हुने:</u>** यस कार्यविधिमा उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

२३. **खारेजी र बचाउः** (१) लुम्बिनी प्रदेश सभाको गतिविधि सम्बन्धी टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण कार्यविधि, २०८० खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम, कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

लुम्बिनी प्रदेश सभा सचिवालय

## अनुसुची-१(क)

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक टेलिभिजन संस्थाले कार्यक्रम प्रसारणका लागि आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा**

१. आर्थिक प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. सञ्चालकको नाम थरः

४. दररेटको प्रस्तावः

| **क्र.सं.** | **कार्यक्रम** | **पाक्षिक रूपमा प्रसारण हुने** | **समय** | **मुल्य रु** | **१३ प्रतिशत भ्याट** | **भ्याट सहितको मुल्य** |
|---|---|---|---|---|---|---|
| १. | टेलिभिजन कार्यक्रम प्रसारण | प्रति एक कार्यक्रम | ३० मिनेट | | | |

हस्ताक्षर

सञ्चालक

नाम, थर

कार्यालयको छाप

लुम्बिनी प्रदेश सभा सचिवालय

## अनुसुची-१(ख)

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक टेलिभिजन संस्थाले कार्यक्रम प्रसारणका लागि प्राविधिक प्रस्ताव गर्ने ढाँचा**

१. प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. टेलिभिजन फ्रिक्वेन्सीः

४. टेलिभिजनको किसिमः भू-उपग्रहका माध्यमबाट प्रसारण गर्ने हो वा अन्य कुन माध्यमबाट हो खुलाउनु पर्नेः

५. सञ्चालकको नाम, थरः

६. स्थापना मितिः

७. सम्पर्क नं.:

८. संस्था वा कम्पनी दर्ता नं.:

९. मुल्य अभिवृद्धि कर दर्ता नं.:

१०. संस्थाको भौगोलिक अवस्थिति:

११. कार्यक्रम उत्पादन तथा प्रसारण गर्न प्राप्त गरेको अनुमति पत्र:

१२. कार्यतालिका बमोजिम नियमित रुपमा कार्यक्रम सञ्चालन भएको वा नभएको: भएकोमा प्रमाण पेश गर्ने

१३. इन्टरनेटका माध्यमबाट अनलाइन कार्यक्रम प्रसारणको व्यवस्था भएको वा नभएको : भएकोमा प्रमाण पेश गर्ने

१४. टेलिभिजन प्रसारक संस्थाले देहाय बमोजिमको गुणस्तरको कार्यक्रम प्रसारण गर्ने क्षमता भएको वा नभएको: भएकोमा प्रमाण पेश गर्ने

१५. प्राविधिक प्रश्तावको तालिका:

| क्र.सं. | प्राविधिक विषय | कम्तिमा देहायको गुणस्तर प्रसारण गर्ने क्षमता |
|---|---|---|
| १. | Resolution | Full HD (1920*1080) |
| २. | Frame Rate | 25i FPS |
| ३. | आवाजको गुणस्तर | 48000 Hz, Min 128 Kbps, Stereo System |
| ४. | दृश्य गुणस्तर | MP4 Formatमा वा सो भन्दा उच्च गुणस्तरमा |

१६. **आवश्यक कागजातः** दफा १५ बमोजिमका कागजातहरू,

प्रस्तावदाताले प्राविधिक प्रस्तावमा उल्लेख भएका कुराहरूको भएको प्रमाण पेश गर्नु पर्नेछ । उक्त पेश गरेका प्रमाण ठिक साँचो हो भनी लिखित घोषणा गरेको हुनु पर्नेछ ।

हस्ताक्षर

सञ्चालक

नाम, थरः

कार्यालयको छाप

लुम्बिनी प्रदेश सभा सचिवालय

**अनुसुची-२(क)**

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक रेडियो प्रशारक संस्थाले कार्यक्रम प्रसारणका लागि आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा**

१. आर्थिक प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. सञ्चालकको नाम थरः

४. दररेटको प्रश्तावः

| **क्र.सं.** | **कार्यक्रम** | **पाक्षिक रूपमा प्रसारण हुने** | **समय** | **मुल्य रु** | **१३ प्रतिशत भ्याट** | **भ्याट सहितको मुल्य** |
|---|---|---|---|---|---|---|
| १. | रेडियो कार्यक्रम प्रसारण | प्रति कार्यक्रम | ३० मिनेट | | | |

हस्ताक्षर

सञ्चालक

नाम, थर

कार्यालयको छाप

लुम्बिनी प्रदेश सभा सचिवालय

## अनुसुची-२(ख)

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**इच्छुक रेडियो प्रशारक संस्थाले कार्यक्रम प्रसारणका लागि प्राविधिक प्रस्ताव गर्ने ढाँचा**

१. प्रस्ताव पेश गर्ने संस्थाको नामः

२. ठेगानाः

३. रेडियो फ्रिक्वेन्सीः

४. सञ्चालकको नाम, थरः

५. स्थापना मितिः

६. सम्पर्क नं.:

७. संस्था वा कम्पनी दर्ता नं.:

८. मुल्य अभिवृद्धि कर वा स्थायी लेखा (PAN)दर्ता नं.:

९. संस्थाको भौगोलिक अवस्थिति:

१०. कार्यक्रम प्रसारण गर्न प्राप्त गरेको अनुमति पत्र:

११. कार्यतालिका बमोजिम नियमित रुपमा कार्यक्रम सञ्चालन भएको वा नभएको: भएकोमा प्रमाण पेश गर्ने

१२. इन्टरनेटका माध्यमबाट अनलाइन कार्यक्रम प्रसारणको ब्यवस्था भएको वा नभएको : भएकोमा प्रमाण पेश गर्ने

१३. रेडियो प्रसारक संस्थाले देहाय बमोजिमको गुणस्तरको कार्यक्रम प्रसारण गर्ने क्षमता भएको वा नभएको : भएकोमा प्रमाण पेश गर्ने

१४. प्राविधिक प्रश्तावको तालिका:

| **क्र.सं.** | **प्राविधिक विषय** | **कम्तिमा देहायको गुणस्तर प्रसारण गर्ने क्षमता** |
|---|---|---|
| १. | आवाजको गुणस्तर | Audio-128 Kbps, 44100 Hz, Stereo System र प्रष्टसँग सुन्न सकिने श्रव्य क्षमताको |

१५. **आवश्यक कागजातः** दफा १५ बमोजिमका कागजातहरू,

प्रस्तावदाताले प्राविधिक प्रस्तावमा उल्लेख भएका कुराहरूकोक भएको प्रमाण पेश गर्नु पर्नेछ । उक्त पेश गरेका प्रमाण ठिक साँचो हो भनी लिखित घोषणा गरेको हुनु पर्नेछ ।

हस्ताक्षर

सञ्चालक

नाम थर

कार्यालयको छाप

लुम्बिनी प्रदेश सभा सचिवालय

## अनुसुची-३

### (दफा १९ सँग सम्बन्धित)

**प्रदेश सभा सचिवालय र ......................................................................बिच भएको सम्झौता पत्र**

हामी यस सम्झौता अन्तर्गत दुई पक्ष प्रदेश सभा सचिवालय, लुम्बिनी प्रदेश, राप्ति उपत्यका (देउखुरी), नेपाल (यस पछि "प्रथम पक्ष" भनिएको) र................................................ (यस पछि "द्वितीय पक्ष" भनिएको) का बिचमा कार्यक्रम प्रसारण गर्नका लागि प्रथम पक्षको निर्णयानुसार निम्नानुसारको शर्तहरुको अधिनमा रहि सम्झौतामा दुवै पक्षको मञ्जुरीले यो सम्झौता पत्रमा हस्ताक्षर गरि एक-एक प्रति लियौं र दियौं ।

१. द्वितीय पक्षले (...........वटा कार्यक्रम.........वटा प्रसारण ..........पटक कार्यक्रम प्राइम समयमा प्रसारण.... बजे) गर्नुपर्नेछ ।

२. कार्यक्रम प्रसारण द्वितीय पक्षले प्रथम पक्षसँगको समन्वयमा गर्नुपर्नेछ ।

३. प्रसारित सम्पूर्ण सामाग्रीको सर्वाधिकार प्रथम पक्षमा निहित हुने छ । प्रथम पक्षलाई द्वितीय पक्षले प्रसारण गरिएको कार्यक्रमको प्रतिलिपि र प्रसारण प्रमाणपत्र उपलब्ध गराउने छ ।

४. द्वितीय पक्षले......कार्यक्रम .........पटक प्रसारण गरेवापत प्रथम पक्षले ......................... रकम प्रथम पक्षले द्वितीय पक्षलाई उपलब्ध गराउने छ ।

५. द्वितीय पक्षले त्रैमासिक रुपमा बिल र आवश्यक कागजात पेश गरि भुक्तानिका लागि निवेदन पेश गर्नुपर्नेछ ।

६. कार्यक्रम प्रसारण गर्नका लागि आवश्यक सामाग्री उत्पादन गर्दा लाग्ने सम्पूर्ण लागत द्वितीय पक्षले व्यवस्थापन गर्नेछ ।

७. प्रसारित सामाग्रीको पहुँच, उपयोगिता तथा पृष्ठपोषण सङ्कलनका लागि द्वितीय पक्ष र प्रथम पक्षले संयुक्त अनुगमन गर्नेछ ।

८. यो सम्झौता प्रति तोकिए बमोजिमको उत्तरदायित्व निर्वाह गर्ने कर्तव्य दुबै पक्षको हुनेछ ।

९. यो सम्झौतापत्रमा लेखिएका कुराहरु यसै बमोजिम हुनेछ र अन्य विषयमा कुनै विवाद भएमा आपसी समझदारीमा विवादको टुङ्गो लगाइने छ । समझदारी कायम हुन नसके प्रचलित कानून बमोजिम हुनेछ ।

१०. सम्झौताको अवधि मिति................................देखि मिति................................ सम्म कायम रहनेछ । आवश्यक परेमा आपसी सहमतिमा नविकरण गर्न सकिनेछ ।

११. अन्तिम भुक्तानिका लागि द्वितीय पक्षले......दिन भित्र बिल, रेकर्ड, प्रसारण प्रमाणपत्र तथा अन्य आवश्यक कागजात सचिवालयमा पेश गर्नुपर्नेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **द्वितीय पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |



लुम्बिनी प्रदेश सभा सचिवालय

नामः

पदः

**साक्षीः**

१.

२.

नामः

पदः

**साक्षीः**

१.

२.

मिति .......... साल............महिना..........गते............रोज शुभम् ।

लुम्बिनी प्रदेश सभा सचिवालय